स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



आगामी फागुन १४ गते (महाशिवरात्रि)बाट प्रदर्शनमा आउन लागेको फिल्म 'मायावी'को पहिलो गीत अंग्रेजी नयाँ वर्षको अवसरमा सार्वजनिक गरिएको छ । 'त्यो माया हो' बोलको रोमान्टिक भावको गीतमा फिल्मका मुख्य अभिनेता पल शाह र अभिनेत्री दीपिका प्रसाईं प्रस्तुत छन् । गीतले उनीहरुको प्रेम र समर्पणको भाव बोलेको छ । भिडियोमा दुवैलाई रोमान्टिक मुडमा देख्न सकिन्छ । सफ्ट शैलीको गीतमा एसडी योगी र सदीक्षा कट्टेलको स्वर, राम अविरल विष्टको शब्द रचना तथा गायक योगी स्वयंको संगीत छ ।

आजको विचार...



राष्ट्रिय... (दुई पेजमा)

चूडामणि कोइराला



क्राइम थ्रिलर जनरामा निर्माण भएको सिनेमा '११:५५' (इु नट ट्रस्ट एनिवान) को प्रदर्शन मिति घोषणा गरिएको छ । मंगलबार अंग्रेजी नयाँ वर्षको पूर्व सन्ध्यामा सिनेमाको फर्स्टलुक पोस्टर सार्वजनिक गर्दै आगामी चैत्र ८ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको हो । सिनेमाको सार्वजनिक पोस्टरमा सिनेमाका मुख्य कलाकार महेश त्रिपाठी, सृष्टी श्रेष्ठ, करिष्मा श्रेष्ठ, एमएस अग्रज र डेब्यु अभिनेता सागर खनाल प्रस्तुत छन् । सिनेमाको लेखन तथा निर्देशन केशव पाण्डेले गरेका हुन् । यो उनको डेब्यु निर्देशकिय सिनेमा हो । सिनेमामा निर्देशक पाण्डे संगै एमएस अग्रज र शेखर ज्ञवालीको लेखन रहेको छ ।

❐ वर्ष ३० ❐ अंक १६० ❐ २०८१ पौष १८ गते बिहीबार 2 January 2025, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### पाँच जना मृत अवस्थामा फेला

**पाल्पा,** पौष १७/देशका विभिन्न स्थानमा पाँच जना व्यक्ति मृत अवस्थामा फेला परेका छन् । केन्द्रीय समाचार कक्षका अनुसार कास्की, ललितपुर, पर्सा, कैलाली र काठमाडौंमा छुट्टाछुट्टै स्थानमा पाँच जना मृत अवस्थामा फेला परेका हुन् । कास्कीको पोखरा महानगरपालिका-१६ देउराली डाँडा बस्ने ६२ वर्षीय गोबिन्द दमै सोही ठाउँस्थित पहिरा वन सामुदायक जंगल नजिकै मृत अवस्थामा फेला परेका छन् । यस्तै काठमाडौंको बुढानिलकण्ठ नगरपालिका-५ टुसालस्थित आफ्नै निर्माणाधीन घरमा दोलखा घर भएका ६६ वर्षीय तिलक बहादुर श्रेष्ठमृत अवस्थामा फेला परेका छन् । उता पर्साको वीरगंज महानगरपालिका-१६ स्थित नेपाल भारत सिमाना मितेरी पुल नजिकै हाल नाम, थर, वतन नखुलेका अन्दाजी ६० वर्षीय पुरूष मृत अवस्थामा फेला परेका केन्द्रीय समाचार कक्षले जनाएको छ । कैलालीको गोदावरी नगरपालिका-२ तेधरी बस्ने ४६ वर्षीय मनोज भट्ट आफ्नै घरमा मृत अवस्थामा फेला परेका छन् । यस्तै ललितपुरको ललितपुर महानगरपालिका-४ धोवीघाट बस्ने बर्दिया घर भएकी १८ वर्षीया सिम्रन थारू आफ्नै कोठामा मृत अवस्थामा फेला परेकी छिन् ।

# रामपुरमा सम्भावना छ, नमूना शहरको रुपमा विकास गर्न सकिन्छ : उपप्रधानमन्त्री सिंह

**हाम्रा संवाददाता**

**पाल्पा,** पौष १७/उपप्रधान तथा सहरी विकास मन्त्री प्रकाशमान सिंहले पाल्पाको दोस्रो व्यापारिक केन्द्रको रुपमा रहेको रामपुर सम्भावनै सम्भावना भएको ठाउँ रहेको बताएका छन् । शहीद बहुमुखी क्याम्पसमा आयोजित धनधान्याञ्चल श्रीमद्भागवत् ज्ञान महायज्ञ एवं धार्मिक महोत्सवको उद्घाटन गर्दै उनले यहाँ प्रचुर सम्भावना भएकाले आधुनिक नमूना शहरको रुपमा विकास गर्न सकिने बताएका हुन् ।

मन्त्री सिहंले रामपुरलाई छिट्टै नमूना शहरको रुपमा विकास गरिने समेत बताए । उनले स्थानीय, प्रदेश र संघीय सरकारबिच समन्वय गरी यस क्षेत्रलाई नमूना शहरको रुपमा विकास गरिने धारणा व्यक्त गरे । स्थानीय जनप्रतिनिधिहरु मिलेर सुव्यवस्थित सहर निर्माणका लागि योजना बनाएर अघि



बढ्यौं भने रामपुरको विकास थप उचाईमा पुग्ने मन्त्री सिंहले विश्वास व्यक्त गरे । उनले जनतालाई केन्द्रमा राखेर बढ्नु पर्नेमा जोड दिए । यो दल त्यो दल नभनि समाज परिवर्तन र आवश्यक विकासका लागि जनप्रतिनिधिहरु छलफल र समन्वय गरेर अघि बढ्नु अहिलेको आवश्यकता रहेको मन्त्री सिंहको भनाई छ । उनले भने,'आवश्यक विकास निर्माणका काममा जनप्रतिनिधिहरुले यो दल त्यो दल नभनि सबै जनतालाई केन्द्र विन्दुमा राखेर समाज परिवर्तनका लागि साझा रुपमा लाग्नु पर्छ ।' कालीगण्डकी नदी बेंसी क्षेत्रको पहिलो क्याम्पस सहिद बहुमुखी क्याम्पसमा मंगलबार देखि सुरु भएको महायज्ञबाट क्याम्पसको भौतिक संरक्षण निर्माणमा सहयोग पुग्नेमा उनले विश्वास समेत लिए । मन्त्री सिंहले आफूले आफ्नो तर्फबाट र मन्त्रालयबाट सहयोग गर्ने प्रतिबद्धता जनाए । सहिद क्याम्पसको संकाय थप, सीपमूलक शिक्षा र छात्रवासको स्थापनाका लागि पुस २३ गतेसम्म महायज्ञ एवं धार्मिक महोत्सवको आयोजना हुने छ । क्याम्पसमा शिक्षा र व्यवस्थापन संकायमा कक्षा ११ देखि स्नातकोत्तरसम्म अध्यापन हुँदै आएको छ ।

## सिंहले गरे गणेशमान स्मृति भवन उद्घाटन

**पाल्पा,** पौष १७/उपप्रधान तथा शहरी विकास मन्त्री प्रकाशमान सिंहले पाल्पाको रामपुर नगरपालिका-५, बेझाँडमा निर्माण भएको गणेशमान स्मृति प्रतिष्ठान भवनको उद्घाटन गरेका छन् ।

नेपाली काँग्रेस रामपुर नगर कार्यसमितिले निर्माण गरेको भवनको राष्ट्रिय एकता तथा मेलमिलापको दिवसको अवसर पारेर मन्त्री सिंहले उद्घाटन गरेका हुन् । भवनको उद्घाटन गर्दै उनले गणेशमानले देखाएको बाटोमा काँग्रेस हिड्न जरुरी रहेको बताए । उनले अहिलेको अवस्थामा काँग्रेका अग्रज व्यक्तिहरुको योगदानको कदर गर्दै उनीहरुले देखाएको बाटोमा हिड्नुपर्नेमा जोड दिए ।



काँग्रेसका केन्द्रीय सदस्य समेत रहेका सिंहले लोकतान्त्रिक व्यवस्थालाई संरक्षण गर्नका लागि काँग्रेसले चुनौतीको सामाना गर्न तप्पर हुनु पर्ने बताए । उनले भने,'लामो संघर्ष गरेर ल्याएको लोकतान्त्रिक व्यवस्थालाई संरक्षण र सम्वर्द्धन गर्नका लागि नेपाली कांग्रेस पार्टी भित्र आउँदै गरेको चुनौतीलाई सामाना गर्न सक्ने सक्षम, प्रभावकारी र व्यवस्थित पार्टीको रुपमा अघि बढाउनु पर्ने चुनौति सामना गर्न हामी तप्पर हुनु पर्छ ।' संस्थापक नेताहरुले सिकाउनु भएको सिद्धान्त र आदर्शको कदर गर्दै विधि र नियम अनुसार संस्थागत रुपमा पार्टीलाई अघि बढाउन सके मात्र अग्रजहरुको योगदानको सम्मान हुने उनको भनाई छ । विपि कोइरालाले राष्ट्रिय एकता मै आँच आउने सम्भावना रहेकाले राष्ट्रिय एकता तथा मेलमिलापको नीति प्रतिपादन गरेको स्मरण गर्दै ।...**बाँकी अन्तिम पेजमा**

## फोहोरमैलाको उचित व्यवस्थापन गरौं

- सडक र सार्वजनिक स्थानमा फोहोर नफालौं,
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थलबाट निस्किएको फोहोरको उचित ब्यवस्थापन गरौं,
- कुहिने र नकुहिने फोहोरलाई छुट्टाछुट्टै राखौं,
- कुहिने फोहोरलाई घरमा नै मल बनाई प्रयोग गरौं,
- पुनः प्रयोग हुन सक्ने वस्तु (जस्तै -प्लाष्टिकका डिब्बा, झोला आदि) पुनः प्रयोग गरौं,
- फोहोरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं,
- प्लाष्टिक वा अन्य वस्तु प्रयोग वा उपयोग गरिसकेपछि प्लाष्टिक लगायतका बट्टा वा खोल जथाभावी नफालौं,
- फोहोरमैलाको व्यवस्थापनमा सबै जुटौं,

*शहर तथा गाउँ स्वच्छ र सफा राखौं ।*

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## स्याङ्जाबाट एक अर्ब १२ करोड सुन्तला बिक्री

**वालिङ (स्याङ्जा),** पौष १७/यस वर्ष स्याङ्जाबाट एक अर्ब १२ करोडभन्दाको सुन्तला बिक्री भएको छ ।

सुन्तला सुपरजोन क्षेत्रमा उत्पादन भएका सुन्तला बिक्रीबाट यस वर्ष स्याङ्जामा एक अर्ब १२ करोड ४७ लाख १५ हजार दुई सय भित्रिएको हो । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ सुन्तला सुपरजोनका सूचना अधिकारी प्रतिभा बुढाथोकी क्षेत्रीका अनुसार स्याङ्जामा यस वर्ष २० हजार ८४ दशमलव दुई मेट्रिक टन सुन्तला उत्पादन भएको हो । उत्पादिमध्ये ९० प्रतिशत बिक्री भएको उनले बताइन् । उत्पादित सुन्तला थोक



मूल्यमा प्रतिकेजी ५६ का दरले बिक्री भएको हो । चालु आर्थिक वर्षमा स्याङ्जामा सुन्तला बगैंचाको क्षेत्रफल दुई हजार दुई सय ८० हेक्टरमा विस्तार भएको छ । चालु आवमा प्रतिहेक्टरमा सुन्तलाको उत्पादकत्व १४.६६ टन भएको सूचना अधिकारी बुढाथोकीले जानकारी दिए । गत आवमा दुई हजार एक सय हेक्टरमा सुन्तला बगैंचा कायम थियो । गत वर्ष एक हजार नौ सय ८७ मेट्रिक टन सुन्तला उत्पादन भएको उनले जानकारी दिइन् ।

गत वर्षको तुलनामा यस वर्ष ५० हेक्टर उत्पादनशील क्षेत्रफल वृद्धि भएको हो । स्याङ्जाका सुपरजोन घोषणा हुनुपूर्व आठ सय ८७ हेक्टरमा फैलिएको सुन्तला बगैंचा सुपरजोन भएसँगै हालसम्म दुई हजार दुई सय ८० हेक्टरमा सुन्तला बगैंचा विस्तार भएको उनले बताइन् ।

...**बाँकी अन्तिम पेजमा**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

# सम्पादकीय

## मेलमिलाप दिवसको अपरिहार्यता

काँग्रेस र यसका भातृसंस्था तथा शुभेच्छुक संस्थाले मंगलबार राष्ट्रिय एकता तथा मेलमिलाप दिवस मनाएका छन् । राष्ट्रिय एकता तथा मेलमिलाप दिवसलाई नेपाली राजनीतिक कोर्स बदल्ने ऐतिहासिक दिनका रुपमा लिने गरिन्छ । बिपी कोइरालाले आजभन्दा ४९ वर्षअगाडि सोही दिन सबै खाले राजनीतिक एवं व्यक्तिगत जोखिमको परवाह नराखी देशको अस्तित्व संकटमा परेको महसुस गरी राष्ट्रियता र देशको अस्तित्वका लागि ‘राष्ट्रिय एकता र मेलमिलाप’को प्रस्ताव राखेका थिए । आफ्ना राजनीतिक सहपाठी गणेशमान सिंहका साथ दर्जनौं कार्यकर्तासहित भारतको स्वनिर्वासनलाई परित्याग गर्दै बिपी स्वदेश फर्केको दिन । त्यही दिनलाई विगतदेखि नै नेपाली काग्रेसले ‘राष्ट्रिय एकता र मेलमिलाप दिवस’का रूपमा मनाउँदै आएको हो ।

दिवसका दिन देशभर कार्यक्रमहरु भएपनि दिवस औपचारिकतामै सिमित बन्न पुगेको छ । बीपीको मेलमिलाप नीति अहिले पनि उत्तिकै सान्दर्भिक रहे पनि अहिलेका नेताहरुले यसको अनुसरण भने गर्न सकिरहेका छैनन् । विशेषत: काँग्रेसले बीपीको नीतिलाई आत्मसाथ गर्नुपर्ने भएपनि त्यसो गर्न नसकेको काँग्रेस भित्रै गुनासो छ । काँग्रेसले मात्र हैन अन्य दलका नेताहरुले पनि बीपीको मेलमिलाप नीतिको अनुसरण गर्नुपथ्यो तर त्यसो गर्न सकेका छैनन् । बीपीको राष्ट्रवादलाई आधार बनाएर प्रजातन्त्र प्राप्त गर्ने र प्रजातन्त्रलाई आधार बनाएर राष्ट्रियतालाई अझ बलियो बनाउने नीति नै मेलमिलापको नीतिको सार थियो । तर नेताहरु यी कुराहरुबाट चुकेका छन् । राष्ट्रियता, काँग्रेसको स्थापनाकालीन प्रमुख राजनीतिक अडान र सिद्धान्त भएपनि व्यवहारमा त्यो कार्यान्वयन हुन नसक्नु दुखद् हो । राष्ट्रिय मेलमिलापको नीति काँग्रेसको एजेण्डा भएकाले पुरानो र ठूलो पार्टीको कारण राष्ट्रिय मेलमिलापको नीतिलाई नेपाली काग्रेसले एक पटक गम्भीर भएर सोच्नुपर्ने बेला आएको छ । साँच्चै बीपीको मेलमिलापको नीतिलाई साकार पार्ने हो भने हिजोको जस्तो मेलमिलापको सन्दर्भ त आज नहोला तर पनि आन्तरिक लोकतन्त्रमा मेलमिलापको सन्दर्भ टड्कारो देखिन्छ । बिपीको मेलमिलापकै नीतिको सारमा मात्र देशले समृद्धिको सपना पूरा गर्न सक्छ । तसर्थ अहिलेको अवस्थामा राष्ट्रिय मेलमिलाप अपरिहार्य छ ।

### Opinion @ Social Network

मौनता सबै प्रश्नहरुकोलागि उत्तम उत्तर हो र मुस्कान नै हरेक परिस्थितिमा उत्तम प्रतिकृया हो ।

*(अस्मिता नेपालीको फेसबुक स्टाटसबाट https:///www.facebook.com/Asmita Nepali )*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# राष्ट्रिय पोशाक कि टोपी दिवस ?



**चूडामणि कोइराला**

हिजो जे थियो त्यो समयमा मात्र थियो तर आज समयसँग परिवर्तन छ । परिवर्तन पनि ऊर्जावान र क्षमताशील हुँदै आएको छ । हिजो हाम्रा पुर्खाहरूले जगाउने वस्त्रमा के थियो होला ? त्यो आज उखानमा इतिहास बनेको छ । इतिहास यसकारण बन्छ सबै भएको तर केही नभएपछि । आज ठीक त्यही भएको छ हाम्रा लागि नेपाली पोशाक । विगत के थियो कुन् शताब्दीमा त्यो इतिहासकारकै व्याख्या र विश्लेषण होला म इतिहास नजिक पुग्न सकिन तर पक्कै नै छ होला इतिहासमा । अध्यनको इतिहासमा भाषा, संस्कृति रीतिरिवाज, लवाज, चालचलन, बोलिचालीको भाष आदि हाम्रा पुर्खाको मैलिक शैलीको देन हो । यसमा कसैको द्विमत नरहला/नहोला । मैले सबै समाज, इतिहास र भुगोल बुझेको छैन तर आजभन्दा चालीस वर्ष अगाडि पूर्वी पहाडी गाउँमा जन्म हुँदाको पाँच वर्ष उमेरदेखिको केही स्मरण र अनुभवमा गाउँका त्यति खेरका ज्येष्ठ नागरिकहरूले लगाएको कपडाको स्मरण छ । सायद गाउँ-गाउँनै भएर हो कि ? दूधकोशी किनारमा हाम्रो खेत थियो/आज पनि छ । त्यहाँ खेतका गरा सानासाना भएर होला बुबाले खेत बिराउने (अहिलेको भाषमा मर्च गर्ने) भन्दै काम गर्न केही मानिस लगाई बिराउन लगाउनुभयो । यहाँ स्मरण के छ भने मंसिर, पुस महिनामा गाईबस्तु लगेर खेतमा मल गर्नैपर्ने भएको हुँदा सपरिवार प्राय: बेंसीमै बसाइ हुन्थ्यो । म केटाकेटीमा पनि सानो बालक खेतका गरा-गरा कुद्न रमाइलो हुन्थ्यो । काम गर्नेहरूले खेत बिराउन थालेपछि त्यहाँ उनीहरूले लगाएको वस्त्र देख्दा मलाई लाज लाग्थ्यो, अन्त हेर्दै दगुड्थे ।

त्यहाँ लगाउने वस्त्र भनेको केटा मानिसले लगौटी, ठाडो भोटो र शिरमा प्रय: सेतो टोपीमात्रै हुन्यो । दिनभरको काम सकेर हिँड्ने बेलामा लगाउनेमा थप हुन्थ्यो हुनेको मात्र ज्वारिकोट नत्र उही वस्त्र । गाउँघरमा कोही कसैले दौरा र ज्वारिकोट, नहुनेको त्यतिबेला बोलिचालीको भाषामा रेडिको खास्टो ओडेर हिँड्ने चलन पनि थियो । ती बेलाका ती धारण गरेका वस्त्र किन राष्ट्रि पोशाक बनेन् ? दौर, सुरुवाल, टोपी के आज हामीले बनाउन खोजेको राष्ट्रिय पोशाक हो ? यदि हो भने यो नेपालीको जन्मजात नै इतिहासमा यही पोशाको वर्णन छ । आज एक दिन लाउनका लागि किन र कसका लागि ढर्रा पार्नु पऱ्यो, यो दु:खको विषय बनेको छ आज हाम्रो समाजमा । एक दिन लगाउन चै राष्ट्रिय दिवस मनाउनुपर्ने ? सधैं लगाइरहनेका लागि के सधैं राष्ट्रिय पोशाक दिवस हुने हो र ? राष्ट्रिय पोशाको विषयमा राज्यको कहाँ केमा लगानी छ ? कुन कपडा कारखानामा राज्यको लगानी छ ? अनि राष्ट्रिय पोशाकको परिपालना जनताले गर्ने कि राज्यका सम्बन्धित नियामक निकायले गर्ने र परिपालना गर्न लगाउने भन्नेमा सरकार नै रनभुल्लमा छ । राज्य नै दातृ निकायबाट आयातको वस्त्र धारण गरेको भरमा चलेको छ भने र ती आयातीत कपडा पहिरनमा राष्ट्रिय पोशाक दिवस मनाउन सहाभागी हुन

> *गाउँघरमा कोही कसैले दौरा र ज्वारिकोट, नहुनेको त्यतिबेला बोलिचालीको भाषामा रेडिको खास्टो ओडेर हिँड्ने चलन पनि थियो । ती बेलाका ती धारण गरेका वस्त्र किन राष्ट्रि पोशाक बनेन् ? दौर, सुरुवाल, टोपी के आज हामीले बनाउन खोजेको राष्ट्रिय पोशाक हो ? यदि हो भने यो नेपालीको जन्मजात नै इतिहासमा यही पोशाको वर्णन छ । आज एक दिन लाउनका लागि किन र कसका लागि ढर्रा पार्नु पऱ्यो, यो दु:खको विषय बनेको छ आज हाम्रो समाजमा । एक दिन लगाउन चै राष्ट्रिय दिवस मनाउनुपर्ने ? सधैं लगाइरहनेका लागि के सधैं राष्ट्रिय पोशाक दिवस हुने हो र ? राष्ट्रिय पोशाको विषयमा राज्यको कहाँ केमा लगानी छ ? कुन कपडा कारखानामा राज्यको लगानी छ ? अनि राष्ट्रिय पोशाकको परिपालना जनताले गर्ने कि राज्यका सम्बन्धित नियामक निकायले गर्ने र परिपालना गर्न लगाउने भन्नेमा सरकार नै रनभुल्लमा छ । राज्य नै दातृ निकायबाट आयातको वस्त्र धारण गरेको भरमा चलेको छ भने र ती आयातीत कपडा पहिरनमा राष्ट्रिय पोशाक दिवस मनाउन सहाभागी हुन अलिकति पनि लज्जाबोध हुँदैन ?*

अलिकति पनि लज्जाबोध हुँदैन ? हाम्रो देशमा जति सरकार बनेका छन् सबै नग्न भएर पनि लाज नभएका छन् । न नीति-नियम न त कुनै परिकल्पना विना सोच विना विकल्पका सरकार बन्ने गरेका छन् । यदि त देशभक्त सरकार हुँदो हो भने अरू विषयका जेजस्ता सवाल भए पनि राष्ट्र, राष्ट्रियता र जनताको सर्वोपरी हितमा हुनुपर्ने होइन र ? तर सरकार मस्त मध्यरातको निद्रामा सुतिरहेको छ । सवाल राष्ट्रियताका विविध विषयमा ।

**राष्ट्रिय पोशाक दिवस कसले मनाउने ?**

राष्ट्रिय पोशाक भनेको देशको शान हो भने नेपालप्रतिको सम्मानको प्रतीक हो । राष्ट्रिय पोशाक दिवस भनेर अभियान भनेर जसबाट चलाइएको छ यसमा राज्यले ग्रहण गर्नुपर्दछ । नेपाल र नेपालीको औपचारिक पोशाक सरकारले घोषणा गरी सिंगो देशको पहिचानलाई काय राख्नु पर्दछ । राष्ट्रिय पोशाक आज पाश्चात्य संस्कृतिले बिर्साएको छ ।

नेपाली धर्म, संस्कृति, चाडपर्वलाई समेत नष्ट पार्ने पाश्चात्य आगमनले भोलि हाम्रो संस्कारमा कहाँ पुऱ्याउला समयले बताउला ? नेपालको राष्ट्रिय धरोहर, सम्पदा, चाडपर्वको इतिहास सकिए, विभिन्न जातिका पोशाक, रीतिरिवाज लोप हुँदै गए त्यसैगरी नेपालीहरूको विश्वमा पृथक र सर्वश्रेष्ठ रूपमा रहेको दौरा सुरुवाल, ढाका टोपी, गुन्यूचोली कतै कुनै दिन यो नेपाली इतिहासकै पानामा मात्रै त रहँदै । हरेक देशको आफ्नो पोशाक हुन्छ तर प्राय: देशहरू कोट, पाइन्ट, सर्ट र टाईलाई सर्वव्यापी बनाएका छन् । जसरी हरेक देशले पहिचानमा झण्डा देखाउछ त्यसैगरी आफ्नो पहिचानको लागि आफ्नो राष्ट्रिय पोशाकलाई पनि प्रदर्शित गर्ने गरेको देख्न तथा सुन्न सकिन्छ । तर नेपालमा भने त्यो छैन भए पनि विरलै देख्न पाइन्छ । आजभोलि भलादै ठूलाबढा भनिँदा राजनीतिक कार्यक्रममा जाँदा, समारोह, यदाकदा सरकारी कार्यालयका कर्मचारी तथा उच्च ओदाहका व्यक्तिहरूको प्रयोमा मात्र परेको दौरा-सुरुवाल र ग पुन्यौ चोली । अनि समाजमा हुने यदाकदा केही व्यक्तिहरूबाट विवाह व्रतबन्धमा पनि दौरा-सुरुवाल र गुन्यौ चोली लगाएको देख्न सक्छौ सीमितमा । हरि प्रधानले लेख्नु भएको

*अब मेरो पहिचान के ?*
*भाष कुन ?*
*पहिरन कुन ?*
*र खोइ मेरो पहिचान ?*

एउटै भाषा-भेषभित्र बाँचेका, दौरा सुरुवाल र ढाकाटोपीमा चिनिएका हामीमा नेपाली र नेपाली झण्डा छ । जसले एक सूत्रमा बाँधिएका नेपाली हौं । यसमा कसैले प्रश्न उठाए, ‘खोइ त मेरो पहिचान ?’ यो कवितामा कविले सग्लो भावना, सामाजिक र धार्मिक सहनशीलता र सद्भाव, एकताको सूत्रमा बाँधिएका नेपालीलाई जातीय विभाजनमा लगिएका धारणालाई प्रस्तुत गरेका छन् । यही संग्रहको अर्को हरमा कविले भनेका छन् : *मेरी आमालाई गुन्यु र बुट्टे*
*चोलाले ढाक्न पनि सकेनछन्*
*चिसोले काठ्रिएका हात खुट्टाहरू*
*पनि झार्न लागेछन्*
*तै पनि हानालुछीको दौडले कहिल्यै*
*छोडेन छ*
*सम्मानका स्वरहरू गुमाइसकेछ*
*पात्र रहन्छ, अन्तर द्वन्द्व रहन्छ*
*अनि पर्दा झर्दछ .........।*

विश्वको शिर टोपी विश्वको शिर भनेकै सगरमाथा हो जसलाई शोभायमान गर्दै सगरमाथाको शिरमा लागेको टोपी अर्थात् नेपाली टोपीको महिमा एक दिन गरेरमात्र पुग्छ र ? नेपालीको राष्ट्रिय पोशाकको महत्व गाउँघरमै धेरैले आज पनि दौरा-सुरुवाल नै लाउँछन् । दौरा-सुरुवाल, कोट र टोपीले राष्ट्रको चन्द्र-सूर्य अंकित राष्ट्रिय झण्डाले जस्तै नेपालको पहिचान बनाएको छ । राष्ट्रिय पोशाक भनेको राष्ट्रिय औपचारिक समारोहमा लगाउनुपर्ने पोशाक हो । राष्ट्रप्रमुख तथा सरकार प्रमुखको औपचारिक वा राजकीय भ्रमणमा आफ्नो राष्ट्रको इज्जतको लागि राष्ट्रिय पोशाक अनिवार्य हुन्छ । राष्ट्रिय मौलिक भेषले नेपालीहरूको पहिचान खुल्छ । अत: राष्ट्रिय पहिचानको रूपमा स्थापित आफ्ना पहिचान, मौलिकता भाषा, भेषभूषा तथा राष्ट्रिय पोशाकलाई हामी कसैले विवादमा ल्याउने काम नगरौं । नेपालका पहिचान मूल्य र मान्यताभन्दा अर्को प्यारो कुनै नेपालीलाई नहोला । हामी सबै नेपालीहरू स्वदेश-विदेश जो-जहाँ भए पनि राष्ट्रको सार्वभौमसत्ता जोगाउन, देशको स्थायित्वका लागि हिन्दुराष्ट्रसहित नेपालको राष्ट्रिय पोशाक कायम राखी विश्वमा आफ्नो पहिचान कायम राख्न हामी प्रतिबद्ध बनौं । महिमा गान गर्न त हरेक विषयमा बहर र अन्तर्क्रिया आवश्यक छ । नेपालीपन र पोशाकको शानको दिषयमा जति कुरा गरे पनि अपुग हुन्छ । प्राय: शिरमा नेपाली टोपी शोभायमान छ । राष्ट्रिय पोशाकको महत्व बुझ्न जरुरी छ ।

**-इहिमालयनटाइम्स डटकम**

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०११९
अर्घाखाँची ०७७-५२१११९
गुल्मी ०७९-५२०११९
परासी ०७८-५२०११९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०११९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :धार्मिक काममा रुचि बढ्नेछ। शत्रुहरू पराजित हुनेछन् । | **तुला** : आध्यात्मिक वा मानसिक शक्तिको विकासको लागि ध्यान केन्द्रित गर्नुहोस्। |
| **वृष** :सन्तुलित आहार सेवन गर्ने प्रयास गर्नुहोस् स्वास्थ्यमा राम्रो प्रभाव पर्नेछ। | **वृश्चिक** : आफन्तहरूको साथ सहयोगले अप्ठ्यारो काम समयमा सम्पादन हुनेछ। |
| **मिथुन** : छोटो समयमा राम्रो उपलब्धि हात पार्न सफल भइनेछ। | **धनु** : आयका नयाँ स्रोतहरू खुल्नेछन्। सञ्चित धनमा वृद्धि हुनेछ। |
| **कर्कट** :व्यवहारमा प्रतिक्रियात्मक कुरा गर्दा विचार पुर्याउनुपर्ने हुन्छ। | **मकर** :अरुको वादविवादमा आफू अगाडि नपर्नुहोस्। लगानीबाट लाभ मिल्नेछ । |
| **सिंह** :व्यापारबाट फाइदा मिल्नेछ। सामाजमा नयाँ पद मिल्ने सम्भावना रहेको छ। | **कुम्भ** : आर्थिक पक्ष सबल रहनेछ। सर कारी वा वित्तीय क्षेत्रबाट लाभ मिल्नेछ। |
| **कन्या** :आफूले आफैलाई समय दिने प्रयास गर्नुहोस्। अध्यापनमा अवसरहरू मिल्नेछ। | **मीन** : अनावश्यक खर्च बढ्नेछ। वैदेशिक स्वरोजगारमा बाधा आउन सक्छ । |




## कविता : तिम्रो नाउँमा मौनधारण

*प्रकाशचन्द्र खतिवडा*

अक्षरहरु सापटी लिएर
किन लेख्ने कविता ?
म अक्षरहरु खेलाएर
तिलस्मी कविता लेख्छु
कविता आफैंमा आगो जस्तो छ
आगो जस्तो मेरो कविता
दनदनी दन्किरहेको छ
भतभति मनहरू पोलेर
उखरमाउलो रापहरु याँक्दै ।

कविता आफ्नो यात्रामा छ
सँगसँगै मान्छेहरु पनि
मान्छेहरु टोलारहेछन्
गन्तव्य नभेटेर
कोही रोइरहेछन्
कोही चिच्याइ रहेछन्
यात्राबाटै आफन्तहरु हराएको
नमिठो पीडा बोकेर ।

कुन बाटो काट्ने होला ?
कुन पहाड उक्लने होला ?
देउरालीमा पाति चढाएर
कुन दोबाटो रुङ्ने होला ?
दोभान पनि आउनै लाग्यो
जैार कसरी तर्ने होला ?

मान्छेहरु हराए जस्तै
यात्राबाटै हराएको छ मेरो कविता
म भाव विह्वल भएको छु
कस्ले लग्यो ?
कहाँ खोज्ने कविता ?
अक्षरहरु कुँदेर
यत्नका साथ लेखिएको कविता
किन हराउँछ यात्राबाटै ?
कविका मनहरु रुवाएर ।

कवि आफैंमा भावुक छ
उ भावनामा बगिरहन्छ
बग्न देउ
तब मात्रै उसले कालजयी कविता लेख्छ ।
मान्छेहरु कविता बुझ्दैनन
या बुझेरै बुझ पचाएका हुन
कविताको परिभाषा
तिनीहरुलाई थाहै नहुँदो रहेछ
किन दिने तिनीहरुलाई कविता ?
दृष्टिविहीन जस्तो अक्षर छामी बस्छन
तिनीहरुलाई कविताप्रति कुनै मोहै नहुँदो रहेछ
नौटङ्गीमा व्यस्त छ समय
नौटङ्गीबाटै थुतेर
समयलाई कैदी बनाइएको छ
समयले पौठेजोरी खेल्नै सकेन
जीवनको गीत गाउँने कसरी ?
म टोलाएको मौका छोपेर
मेरो मन पनि
समयले सुटुक्कै चोरी लगेको छ ।

समयलाई काबुमा राख्ने कसरी ?
चसक्क दु:खेको मन छ मेरो
मलहम पट्टि लगाउने कसरी ?
तिमी त निर्दयी रहेछौ
अरुको पीडामा रमाउने
तिम्रो प्रताडना खप्ने कसरी ?
म त कविता लेख्ने मान्छे
मैले कविता लेख्न पाउनु पर्छ
म उन्मुक्त हुन चाहान्छु
मैले विद्रोहको छलाङ मार्नु पर्छ ।

कसरी हरायो मेरै कविता ?
षडयन्त्रको गन्ध आएकै छ
मलाई निर्मम यातना दिएर
षडयन्त्रको शिकार बनाइएको छ
म त आगो जस्तो कविता लेखिरहेछु
म हत्पति कहाँ पलायन हुन्छु र ?
मैले युद्ध जित्नु छ
म युद्धकै कविता लेख्छु
तिम्रो टाउको दु:खेर के भो ?
तिमी त कठपुतली हौ
जोरी नखोज मसँग
तिमीले एक दिन अवश्य हार्नै पर्छ ।

तिमी नरपशु बनेर
निर्लज्ज नबन
छाडा साँढे जस्तै
म त तिम्रै नाउँमा
शोक सभा आह्वान गर्दै
एक मिनेट मौन धारण गर्छु ।
सुन्दरहरैंचा-६ दुलारी, मोरङ

*-साभार : अनलाइन खबर डटकम*

# मृत्यु मानिसको स्थायी साथी

**लेखक : सुरेश भट्ट आश्विन**

हिजोआजको अस्तव्यस्त जिन्दगीको दौडमा मान्छेलाई मृत्युका बारे सोच्ने फुर्सदै छैन । मनुष्य चोला लिएर जन्मेपछि मृत्यु अवश्यम्भावी छ, म एक दिन मर्नुपर्छ भन्ने आज भोलिका मानिसले बिर्सिसकेजस्तो लाग्छ ।

पृथ्वीलोकमा मानिसको जन्म, मृत्यु प्राकृतिक कुरा भए पनि बाँच्नु भने रहस्यमय छ । जब बाँच्नुको रहस्य बुझिन्न, तब मृत्युको सुन्दर परिकल्पना गर्न सकिन्न । नमरुञ्जेल म मर्दै छु भन्ने थाहा पाइराख्नु भनेको वास्तवमा बाँचिरहनु हो । प्रकृतिले आमाको गर्भाशयमा जीवनको अंकुरण गराउँछ । उसैले जीवनमा प्राण भर्छ । जीवनको जन्म र मृत्युको निर्धारण गर्छ । खासमा जीवन आफैंमा प्राकृतिक हुन्छ । विज्ञानले जन्म र मृत्युलाई जतिसुकै कृत्रिमताको लेपन गर्न खोजे पनि त्यो पूर्णत: सफल भएको छैन । प्रकृतिको चाहनाबिना जीवनको अस्तित्व असम्भव छ । मार्टिन एच फिस्चर भन्छन्, मृत्युदेखि किन डराउने ? यो त जीवनको सुन्दर अनुभूति होइन र ! तर कुनै कुनै मृत्यु अप्राकृतिक हुन्छन्, जुन भयानक डरलाग्दो हुनेरहेछ । झनै आफ्नै मृत्युको कल्पना सबैभन्दा डरलाग्दो, कहालीलाग्दो र होस उडाउने हुन्छ । र पनि अपरिवर्तनीय स्वाभाविक र स्विकार्नैपर्ने मृत्युलाई स्निग्ध मनले किन स्वागत नगर्ने ? जीवनमा सबै कुरा मिथ्या हुन सक्छन् तर मृत्यु कहिले झुटो हुन सक्दैन, सदा शाश्वत, सदा सत्य । मृत्युले कहिले कसैप्रति पनि भेदभाव गर्दैन, राम्रो-नराम्रो मान्छे भन्दैन । सबैलाई सधैं समान रूपले टप्प टिप्ने त्यो मृत्यु हो । नेपालको सन्दर्भमा भने राम्रा भनिएका मान्छेलाई छिटो लिन आइपुग्छ यमराज अर्थात् मृत्यु । मृत्यु मानिसको स्थायी साथी । मानिसको स्थायी साथी भनेको मृत्यु मात्र हो, जहाँ पनि र जहिले पनि सँगसँगै हिंड्ने । भौतिक जीवन भनेको त जुनसुकै समय गल्र्यामगुर्लुम्म ढल्न सक्छ । उसले आर्जेको धन-सम्पत्ति तत्क्षण उसैसँग सकिन्छ, तर जीवनमा गरेका सत्कर्म भने रहस्यमयी रहन्छन् जसलाई मृत्युले लान सक्तैन । सधैं साथमा भएर पनि सधैं अपरिचित साथी लाग्छ मृत्यु मान्छेलाई । गौतम बुद्धले भनेका छन्, ‘जो बुद्धिमान छ ऊ मृत्युको भयदेखि डराउँदैन ।’ जसले जीवनको अर्थ र महत्त्व बुझेका छन्, उनीहरू मर्नुपर्छ भनेर नराम्रो काम गर्न डराउँछन् । त्यति वेला मान्छेसँग जीवन रोज्ने विकल्प हुँदैन । बाँकी रहन्छ त केवल जीवनको शून्यता । हामीलाई कसैले मृत्युको खबर सुनाइदियो भने झसङ्ग हुन्छौँ । मृत्यु हुने व्यक्ति उमेर पुगेको होस् नहोस् सामाजिक सञ्जालमा अल्पायु, असामयिक, समवेदना र श्रद्धाञ्जलीजस्ता शब्द खोजेर लेख्न हतारिन्छौँ तर मृत्यु खुट्ट्याउन जान्दैनौँ । १९१२ अप्रिल १४ राति समुद्रमा टाइटानिक जहाज डुब्यो । उक्त जहाजमा यात्रा गरेका १६३५ मानिसले कल्पना पनि गरेका थिएनन् होला, हाम्रो मृत्यु जहाज डुबेर हुनेछ । हामी विश्व घटनामध्येका एक सम्झनायोग्य घटनाको पात्र बन्नेछौँ । हामीलाई लाग्छ, त्यत्रो मानिसहरूको अकालमा ज्यान गयो । हामीले यो भुल्यौँ, त्यो कारण मृत्यु थियो । उनीहरू आजसम्म विश्वसामु बाँचिरहेका छन्, एक इतिहास बनेका छन् । यो झनै सुखद मृत्यु हो । फरक यति मात्रै हो– को, कहाँ कुन ठाउँमा कसले कसरी मृत्युवरण गर्छ भन्ने । सबै मृत्युको कारण हुन्छ, अकारण मृत्यु हुँदैन । आजभोलि घाटमा मृत्युत्सव मनाउने चलन नेपालमा पनि सुरु भएको पाइन्छ । ओशो संन्यासीले यसको सुरुवात गरेका छन् । जीवनको क्षणभङ्गुरतालाई पञ्चतत्त्वसँग मिलाइसकेपछि मृत्युको बाटो हिंडेका कहिल्यै फर्कँदैनन् । यसरी नफर्कने गरी गएकाहरूसँग गुनासो पनि सायदै रहन्न । गुनासो रहँदैन भने शोक मनाउनु पनि जायज होइन । मनाउने, मान्ने कुरा पनि एक प्रकारले उत्सवको स्वीकारोक्ति हो । मृत्यु ! डर, शोक मात्र होइन, मानिसलाई असल काममा लगाउने साधन पनि हो । मानिसले असल सोच राखेमा जीवन र मृत्यु दुवैलाई अँगाल्न सक्छ । मृत्यु रोजाइ होइन अनिवार्यता हो । शाश्वत मृत्युको धरातल नभए जीवन चम्कँदैन । मृत्युको जीवित अनुभूतिबाट मानव अस्तित्व मानव जीवन उत्सवमय बन्छ । मानिसलाई मृत्युबोध, मृत्यु चेतनाले एक सुन्दर जीवनप्रतिको आशा, भरोसा, आत्मविश्वास र प्रेरणा पनि दिनेछ । मृत्युलाई बुझ्ने र जीवनलाई गहिरिएर नियाल्ने अवसर पनि दिनेछ । त्यसैले म दैनिक सुन्दर मृत्यु यात्रामा हिंड्दै छु । **-रातोपाटी डटकम**

## कविता : संघर्षमय जीवन

*जानकी छेत्री*

चुनौतीलाई पार गर्नु नै जीवन हो
अप्ठ्यारो बाटोमा हिंडेर पनि
ओठमा मुस्कान राख्नु जीवन हो
सजिलो र सुविधाभित्र जीवन के बुझ्न सक्छौं !
अप्ठ्यारो र चुनौतीभित्रै जीवनको मूल्य बुझिन्छ
सजिलो बाटो हिंडे पनि
जीवन त सकिने नै हो
जोगाएर, सम्हालेर राख्दा के

जीवन बाँचिरहने हो ?
सजिलोमा मात्र बस्दा जीवनको आनन्द आउँदैन
बिघ्न बाधालाई चुनौती दिँदा
सैर्षको पसिना चुहँदा
थाकेर बिसाउँदा
लामो सास लिँदा
कति गहिरो आराम मिल्छ
कति शान्ति, कति आनन्द आउँछ !

त्यतिबेला लाग्छ–
वा ! जीवन त यही हो ।
जीवन यस्तै हो ।
जीवन मज्जा हो ।
सैर्ष बिनाको जीवन के जीवन ?
सैर्ष बिनाको यात्रा ! यसको कहाँ लक्ष्य ?
सैर्ष नै मित्र अद्भुत अनुभव
सैर्ष नै समय अलौकिक आनन्द !
त्यसैले सहजबाट निस्किनै पर्छ
जीवनलाई सार्थक बनाउनै पर्छ
सुखानुभूतिको मूल्य सैर्षमै छ
यसलाई हामीले मृत्युसम्म डोर्याउनु नै पर्छ ।

*-साभार : साहित्यपोष्ठ डटकम*


**Tansen Municipality**
**Office of Municipality Executive**
**Tansen, Palpa**

# Invitation for Online Bids

**Date of publication: 2081/09/18 (Jan 02, 2025)**

Tansen Municipality Office, Tansen, Palpa invites electronic bids from eligible bidders under PPMO's e-GP system **www.bolpatra.gov.np/egp** for following work under National Competitive Bidding system. All other information and Bid Document can be downloaded from PPMO's e-GP system **www.bolpatra.gov.np/egp**

**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank :** Rastriya Banijya Bank Ltd., Palpa
**Name of the Office :** Tansen Municipality Office, Tansen, Palpa
**Rajaswa Account No. :** 3030100301010004
**Bid Validity Period:** 45 days
Bank details for Bid security (If Cash deposit): Ranstriya Banijya Bank, Palpa, A/C no. 3030100303000004.

| S. N | Contract No. | Name of Project | Estimated Amount inclusive VAT and PS | Price of Bid Document, NRs. | Bid Security Amount, NRs. | Last Date of Bid Purchase and Submission |
|---|---|---|---|---|---|---|
| 2 | TM/PLP/W/SQ/03/2081-082 | Palpa Durbar Parisar samrakshen, Tansen-4, Palpa | 9,99,983.22 | 1000.00 | 25,000 | 2081/10/04 12.00 PM (Jan.17, 2025) |
| 3 | TM/PLP/W/SQ/04/2081-082 | Ward Office Building Construction Work, Tansen-7, Pravas, Palpa | 6,99,952.57 | 1000.00 | 18,000 | |

**Chief Administrative Officer**



## निक्षेप उपरको हकदावी सम्बन्धी ३५ दिने सूचना

**प्रकाशित मिति : २०८१/०९/१७**

श्री विधाचल प्रसाद बर्नवालको नाति, वशिष्ट नारायण गुप्ताको छोरा, बाँके जिल्ला नेपालगञ्ज न.पा. वडा नं. १४ स्थायी ठेगाना भई हाल बाँके जिल्ला नेपालगञ्ज उप.म.न.पा. वडा नं. ११ बस्ने ना.प्र.प.नं. ०१।१४।१५, (बाँके, नेपालगञ्ज) भएको श्री सन्जिव कुमार वर्नवाल (गुप्ता) को नाममा यस विकास बैंकको तानसेन, पाल्पा शाखा कार्यालयमा बचत खाता नं. ००६०१७००७८१७७१००००० रहेकोमा निजको मिति २०८१/०७/०६ मा मृत्यु भएको र निज मृतक सन्जिव कुमार वर्नवाल(गुप्ता) को नाममा यस विकास बैंकमा रहेको माथि उल्लिखित खाताको रकम भूक्तानीको माग गर्दै बाँके जिल्ला नेपालगञ्ज न.पा. वडा नं. १४ स्थायी ठेगाना भई हाल बाँके जिल्ला नेपालगञ्ज उप.म.न.पा. वडा नं. ११ बस्ने मृतक सन्जिव कुमार वर्नवाल (गुप्ता) की पत्नी नाता पर्ने पुष्पा वर्नवालले मृतकको मृत्यूदर्ता प्रमाण-पत्र (दर्ता नं. २०३४०११००९९८९-२) र अन्य आवश्यक कागजात सहित यस विकास बैंकमा निवेदन पेश गर्नु भएकोले उक्त रकममा अन्य कसैको हकदावी लाग्ने भए सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस विकास बैंकमा आवश्यक सबूत प्रमाणका कागजात सहित निवेदन दिनुहुन अनुरोध छ । अन्यथा तोकिएको समयभित्र निवेदन पेश नभएमा प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम निज निवेदिका श्रीमती पुष्पा वर्नवाललाई उल्लिखित व्यक्तिको खाताको रकम भूक्तानी भैजाने व्यहोराको लागि यो सूचना प्रकाशित गरिएको छ ।

"Access to All"
गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited



## वर्गिकृत डिस्प्ले

*१ X ५ साइजमा मात्र*

**वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।**

**सम्पर्क: ०७५-५२०६०१**

# सामाजिक अभियन्ता रसालीको 'परदेशी मन'




**कृष्ण पोखरेल**

**पाल्पा,** पौष १७/सामाजिक अभियन्ता तथा सञ्चारकर्मी राजु रसालीको कविता संग्रह 'परदेशी मन'को तानसेनमा विमोचन भएको छ । संग्रहको एक औपचारिक कार्यक्रमकाबिच विमोचन गरिएको हो ।

दलित आन्दोलनका अगुवा सुर्य प्रकाश दर्नाल, नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेना, दलित पत्रकार संघका केन्द्रिय सदस्य मिलन विश्वकर्मा, संघका लुम्विनी प्रदेश उपाध्यक्ष कृष्ण दर्नाल, संघका जिल्ला अध्यक्ष विजय बौडेलले संयुक्तरुपमा कविता संग्रहको विमोचन गरेका हुन् । कविता संग्रहमा कवि रसालीका ५१ ओटा कविता रहेका छन् । कविले मातृभूमी छोडेर परदेशी जीवन विताउँदाको पिडा, परदेशमा रहँदा मातृभूमि, परिवार आफन्तको माया मोह, परदेशमा रहँदा गर्नुपर्ने संर्घष र पिडाका बारेमा चर्चा गरेका छन् । सचेतनाको अभावका कारण अझै पनि गाउँ-ठाउँमा छुवाछुत भइरहेको, मानिस मानिसविच पनि विभेद भएको, संविधान तथा सरकारबाट छुवाछुतको अन्त्य भए पनि व्यवहारमा अझै पनि विभेद कायमै रहेको, दलितको नाममा हुने विभेदका बारेमा कवि रसालीले कवितामा उल्लेख गरेका छन् । विभेदमा अल्झिएको यर्थाथता, असमानता, विसंगति, विरुद्धका विषयहरु कवितामा कोरिएका छन् । कविता संग्रहमा मेरो देश, परदेश, हिमाल, मेरो गाउँ, मेरा बा, आमा, छोरा, मेरो झ्याल, तानसेन, म त कामी, लोकतन्त्र, गरिवी, गणतन्त्र, काठमाडौं, दलित आन्दोलन, आरन, दशै, हाम्रो घर, देश देखे, पुरानो भएछ घर, बन्द गरौं बलि, आमाको सम्झना, रहर, सपना, सहिद, नयाँ वर्ष, कोरिया, समय, रगत, पागलयात्री दुश्मन, ढाकाटोपी, जात मिल्दैन, आगो, धर्म र एयरपोर्ट जस्ता ५१ कविताहरु रहेको छन् । सबै कविताहरु जीवनको यर्थाथमा आधारित रहेर, मानिसको जीवन भोगाइ, घटनासँग जोडिएका विषयवस्तुमाा आधारित रहेर लेखिएको कवि रसालीले बताए । कविता संग्रह विमोचन कार्याक्रममा दलित अगुवा सुर्य प्रकाश दर्नाल, नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमल तिमिल्सेना, दलित पत्रकार संघका केन्द्रीय सदस्य मिलन विश्वकर्मा, संघ लुम्बिनीका उपाध्यक्ष कृष्ण दर्नाल, साहित्यकार गणेश नेपाली लगायतले रसालीको कविता संग्रहले प्रदेशीएका युवाहरुको मन मष्तिस्कमा आउने भावनाहरुको प्रतिनिधित्व गरेको बताए । कविता विमोचन कार्यक्रममा वार एशोसियसन पाल्पाका पूर्व अध्यक्ष जोगबहादुर विश्वकर्मा, तीर्थ प्रसाद गौतम, दलितमुक्ति मोर्चाका केन्द्रीय सदस्य खुमबहादुर विश्वकर्मा, जिल्ला अध्यक्ष छवी गहतरात, उत्पीडित मुक्ति समाजका केन्द्रीय नेता ठाकुर लोहागनु, जिल्ला अध्यक्ष विनोद बुढाप्रिती, दलित संघ पाल्पाका नेता दलबहादुर राजपूत, दिनेश गन्धर्व, दलित नेता मानबहादुर रुचाल, बलबहादुर गर्न्धव, सपना सुनाम लगायतले परदेशीका मनहरुको बारेमा चर्चा गरेका थिए । कार्यक्रम दलित पत्रकार संघ पाल्पाका अध्यक्ष विजय बौडेलको अध्यक्षता र सचिव सन्तोष गहतराजको सञ्चालनमा भएको थियो । रसाली अध्ययनको लागि सन २०१५ देखी दक्षिण कोरियामा बस्दै आएका छन् । उनी विधावारधीको लागि अन्तिम तयारीमा जुटेका छन् । रसालीले संविधानमा दलित अधिकार स्थापनाको लागि तानसेनमा सञ्चालन गरेको जनउत्थान डोको पुस्तकालय, अभियान निकै चर्चामा रहेको थियो । उनी दलित पत्रिका परिवर्तनका सम्पादक, दलित अधिकारका लागि साझा अभियानका संस्थापक भएर काम गरेका थिए ।

## खेलकुद समाचार

### क्वाटरफाइनलमा मछिन्द्र र एनआरटी स्तब्ध



**लमजुङ,** पौष १७/त्रिवेणी कप फुटबल प्रतियोगितामा मछिन्द्र फुटबल क्लब र न्युरोड टीम (एनआरटी) ले हार व्यहारेका छन् । त्रिवेणी रंगशाला सहजी खेलमैदानमा बुधबार भएको पहिलो खेलमा सातौं राइनो गोल्डकपको च्याम्पियन विभागीय टिम एपीएफले मछिन्द्रलाई ४-० गोल अन्तरले हरायो ।

मछिन्द्र स्तब्ध बन्दा एपीएफले सेमीफाइनलको यात्रा तय गरेको छ । एपीएफको जितमा पहिलो हाफको २१ औं मिनेटमा कप्तान हरि कार्कीले पहिलो गोल गरे । ४०-४० मिनेट खेलको पहिलो हाफमा समय थप हुँदाको ४२ औं मिनेटमा प्रदीप लामाले गोल थपे । दोस्रो हाफको १२ औं मिनेटमा प्रदीप लामाले पुन: गोल गरे । त्रिवेणी कपमा उनको यो ५ औं पटकको गोल हो । दोस्रो हाफको १९ औं मिनेटमा युवराज खड्काले गोल गरे ।

ञएपीएफका तर्फबाट २ गोल गर्न सफल प्रदीप लामाले म्याद अफ दि म्याचको उपाधिसँगै ५ हजार रुपैयाँ पाए । दोस्रो खेलमा एनआरटीविरुद्ध टोखा भगवतीले ३-० गोलको जित निकाले । त्रिवेणी कपको सेमीफाइनलमा पुगेको टोखा भगवती त्रिवेणी कपको २८ औं र २९ औं संस्करणमा उपविजेता बनेको फुटबल क्लब हो ।

टोखाका अमृत लामाले पहिलो हाफको ७ औं मिनेटमा गोल खाता खोले । तिनै लामाले पहिलो हाफको ३८ औं मिनेटमा अर्को गोल थपे । दोस्रो हाफको ७ औं मिनेटमा विदेशी खेलाडी अपिक रिचर्डले टोखाका तर्फबाट अन्तिम गोल गरे । खेलमा २ गोल गरेका अमित म्यान अफ दि म्याच बन्दै ५ हजार रुपैयाँ प्राप्त गरे । आज पहिलो खेल आयोजक त्रिवेणी युवा क्लब बेंसीसहर र अभिषेक चर्च नवरलपुरबीच हुनेछ ।

## अर्थ /कर्पोरेट समाचार

# पेट्रोल, डिजेलको मूल्य बढ्यो, हवाई इन्धनको घट्यो



**पाल्पा,** पौष १७/नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ । निगम सञ्चालक समितिको मंगलबार बसेको बैठकले पेट्रोलमा एक रुपैयाँ र डिजेलमा २ रुपैयाँ बढाएको हो ।

हवाई इन्धन आन्तरिकतर्फ प्रति लिटर २ रुपैयाँ र हवाई इन्धन अन्तर्राष्ट्रियतर्फ काठमाडौंका लागि प्रतिकिलोलिटर अमेरिकी डलर १५ का दरले घटाइएको नेपाल आयल निगमले जनाएको छ । पोखरा र भैरहवाका लागि ब्रेक इभन प्वाइन्टमा बिक्री मूल्य कायम गरिएको निगमले जनाएको छ । एलपी ग्यासको मूल्य हाललाई यथावत् राखिएको छ । निगम सञ्चालक समितिले बुधबारदेखि लागू हुने गरी मूल्य समायोजन गरेको हो । इन्डियन आयल कर्पोरेशनबाट प्राप्त नयाँ खरिद मूल्य अनुसार मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ । निगमले पहिलो वर्गका लागि पेट्रोल प्रतिलिटर एक सय ६० रुपैयाँ ५० पैसा तोकेको छ । दोस्रो वर्गका लागि प्रतिलिटर एक सय ६२ रुपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर एक सय ६३ रुपैया तोकिएको निगमले जनाएको छ ।

यस्तै डिजेल पहिलो वर्गका लागि प्रतिलिटर एक सय ५० रुपैयाँ ५० पैसा, दोस्रो वर्गका लागि प्रतिलिटर एक सय ५२ रुपैयाँ र तेस्रो वर्गका लागि एक सय५३ रुपैयाँ निर्धारण गरिएको छ । निगमले पहिलो वर्गअन्तर्गत चारआली, विराटनगर, जनकपुर, अमलेखगन्ज, भलबारी, नेपालगन्ज, धनगढी र वीरगन्ज, दोस्रो वर्गअन्तर्गत सुर्खेत र दाङ तथा तेस्रो वर्गअन्तर्गत काठमाडौँ, पोखरा र दिपायल तोकेको छ ।

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## स्याङ्जाबाट एक...

...विसं २०७३/७४ मा स्याङ्जालाई प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना जोन कार्यान्वयन एकाइ घोषणा गरिएको थियो । आव २०७५/७६ को सुरुवातसँगै स्याङ्जालाई सुपरजोन घोषणा गरिएको थियो । सुन्तलाका क्षेत्रमा सुपरजोन घोषणा भई कार्यान्वयनमा आएसँगै जिल्लामा सुन्तला उत्पादनतर्फ किसान थप आकर्षित भएर लागेका सुन्तला सुपरजोन सञ्चालक समिति स्याङ्जाका अध्यक्ष बोधराज अर्यालले बताए । स्याङ्जामा साउनदेखि फागुनसम्म विभिन्न प्रजातिका सुन्तला उत्पादन हुँदै आएका छन् । स्याङ्जाको अर्जुनचौपारी गाउँपालिका-१ थापाथोकमा रहेको त्रिपुत्र बागवानी कृषि फार्मले यस वर्षमात्र पाँच करोडका सुन्तलाको कारोबार गरेको छ । फार्मले भाटभटेनी सुपरमार्केटलगायत व्यावसायिक संघसंस्थालाई भारी मात्रामा सुन्तला बिक्री गर्दै आएको छ । फार्मले यस वर्ष प्रतिकेजी न्यूनतम २५ देखि अधिकतम ८५ सम्मका दरले सुन्तला बिक्री गरिरहेको छ । फार्मका सञ्चालक फणिनारायण अर्यालका अनुसार सुन्तलाको न्यूनतम मूल्य प्रतिकेजी २५ देखि अधिकतम ८५ सम्म कायम भएको छ । तुलनात्मक रुपमा गत वर्षभन्दा यस वर्ष सुन्तलाको बिक्री मूल्य घटेको उनले बताए । उनी जिल्लाकै अगुवा सुन्तला किसान हुन् । उनी एक्लैले सुन्तला बेचेर गरेर वार्षिक ६० देखि ७० लाखसम्म आम्दानी गर्दै आएका छन् । स्याङ्जामा सुन्तला व्यवसायलाई मुख्य आम्दानीको सोतका रूपमा विकास गर्ने पद्धतिको विकास हुँदै गएको छ । जिल्लाका विभिन्न भागमा निर्वाहमुखी र घरायसी प्रयोजनका लागि गरिँदै आएको सुन्तलाखेती विस्तार भएको छ । पुतलीबजार, वालिङ, भिरकोट, गल्याङ नगरपालिकासहित आँधीखोला, फेदिखोला, बिरुवा, हरिनास, अर्जुनचौपारी गाउँपालिका सुन्तलाका पकेट क्षेत्र हुन् । **-रासस**

## सिंहले गरे...

...पुस १६ महत्वपूर्ण दिन भएको बताए । गणेशमानसिंह कांग्रेसले मात्र नभई सबै जनताले मान्ने नेता भएको बताउँदै उनको सम्मानमा भवन निर्माण भएकोमा धन्यवाद व्यक्त गरे । कार्यक्रममा नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले हार्दिकता सहितको एकतालाई कायम राख्दै मुलुकबाट नैरास्यता हटाउन तीनै तहका सरकार सक्रिय भएर लाग्नुपर्नेमा जोड दिए । बेझाँड बजारमा निर्माण भएको पाँचतले भवन ७७ लाख ९३ हजार ४७८ रुपैयाँको लागतमा सम्पन्न भएको गणेशमान स्मृति प्रतिष्ठान भवन निर्माण समितिका अध्यक्ष क्याप्टेन देव बहादुर थापा मश्राङ्गीले जानकारी दिए । २०७० सालमा शिलन्यास भएको भवनको २०७१ देखि निर्माण सुरु भएको थियो । सोही अवसरमा पूर्व रामपुर गाविस अध्यक्ष रामप्रसाद भट्टराई, भवन निर्माण समितिका संयोजक क्याप्टेन बहादुर थापा मश्राङ्गीलाई सम्मान गरिएको थियो । नगर सभापति नेत्र प्रसाद भट्टराईको अध्यक्षता, उपसभापति ज्ञान प्रसाद भण्डारीको स्वागत र सचिव चिरञ्जीवी सिग्देलको सञ्चालनमा कार्यक्रम भएको थियो ।

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई